# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/८३
चलानी नम्बर:-

### माडी नगरपालिकाको कृषि कार्यक्रमहरुमा सहभागी हुनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

*दोस्रो पटक सूचना प्रकाशन मिति: २०८२/१०/२६*

यस माडी नगरपालिका, नगर कार्यपालिका कार्यालयको चालु आ.व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कृषि कार्यक्रमहरु "माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२" बमोजिम कार्यान्वयन गर्नुपर्ने भएकाले नगरपालिका भित्रका कृषि समूह/कृषि सहकारी तथा कृषि फर्म/कम्पनीहरुबाट प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०८२/१२/०२) निम्नानुसार कागजातहरु अनिवार्य संलग्न गरी (कार्यक्रम अनुसार छुट्टाछुट्टै) प्रस्ताव यस नगरपालिकाको कृषि शाखा तथा कृषि सेवा केन्द्रहरुमा (गर्दी र कृष्णनगर) दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। पुनश्चः रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु मूल्याङ्कनका लागि समावेश नहुने वेहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.स | कार्यक्रम/आयोजनाको नाम | बजेट (रु.) | लक्षित वर्ग | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपन्न आयआर्जन कार्यक्रम | ४ लाख | आर्थिक/सामाजिक रुपले विपन्न वर्ग | ९०% | "माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२" |
| २ | इको माडी प्रवर्द्धन कार्यक्रम | ५ लाख | वातावरण मैत्री खेती गर्ने कृषक | ५० – ७०% | |
| ३ | नविनतम खेती प्रविधि प्रवर्द्धन तथा हस्तान्तरण कार्यक्रम | ४ लाख | नविनतम खेती सोच भएका कृषक | ५० – ७०% | |

संलग्न गर्नुपर्ने कागजातहरु:

१. अनुसूची-२ अनुसारको कार्यक्रम माग आवेदन फारम.
२. अनुसूची-३ अनुसारको संचालन गर्ने क्रियाकलापहरु खुल्ने कार्ययोजना/प्रस्ताव.
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि.
४. संस्था दर्ता,स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि.
५. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि/ वा लेखा परिक्षणको प्रतिलिपि.
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र.
७. समूह/सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि र अख्तियारी पत्र

शाखा प्रमुख

# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/८३
चलानी नम्बरः-

९. कार्यक्रम संचालनको लागि जग्गा धनीदर्ता प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा भएमा जग्गा भाडा सम्झौताको प्रतिलिपि ।

(नोटः फर्म/व्यवसाय दर्ता नगर्नु भएका कृषकहरुले व्यक्तिगत नभई कृषि समूह वा सहकारी मार्फत आवेदन दिनुहुन अनुरोध छ। साथै थप जानकारीको लागि कृषि शाखामा वा ९८४३१२२९५०, ९८६६११५६१३ मा सम्पर्क गर्न सकिनेछ।)

सुरेश सिंखडा
शाखा प्रमुख
कृषि प्रमुख

बोधार्थः

श्री सूचना प्रविधि शाखा, सूचना प्रवाह गरिदिनुहुन।

श्री सबै वडा कार्यालयहरु, सूचना टाँस तथा समुदायमा प्रवाह गरिदिनुहुन।